दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २८४ | बुटवल | २०८२ कात्तिक ०९ गते, आईतबार | नेपाल संवत ११४६ | Sunday October 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

ट्रंकलाइन बक्यौता विवाद :

# रुपन्देहीका १० उद्योगमा विद्युत लाइन काटियो

**प्राधिकरणका कर्मचारीले गरेको गल्ती ढाकछोप गर्न माग र प्रयोग नै नगरेको विद्युतको प्रिमियम दरमा बक्यौता असुल्न खोज्ने उर्जामन्त्री कुलमान घिसिङको अनुचित इगोका कारण उद्योगीमाथि चरम अन्याय भएको उद्योगीहरुको आरोप छ।**

**टोपराज शर्मा**
*बुटवल*

केही वर्षदेखि ट्रंकलाइन महसुल विवादमा रहेका बुटवल-भैरहवा औद्योगिक करिडोरका दश उद्योगमा नेपाल विद्युत प्राधिकरणले शुक्रबार साँझ देखि विद्युत लाइन काटिदिएको छ।

प्राधिकरणले पञ्चकन्या स्टिल, पञ्चकन्या प्लास्टिक, एभरेष्ट रोलिङ, एसआर स्टिल, एसआर फुड, भलबारी स्वचालित चामल कारखाना, घराना फुड्स्, गोयनका फुड्स, सिद्धार्थ पेट प्लास्ट,र श्याम प्लास्टिक उद्योगको लाइन काटेको पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहूले जानकारी दिए।

उद्योगीहरुले ट्रंक लाइनबाट विद्युत् खपत गर्ने सम्बन्धमा कुनै माग नै नगरेको, प्राधिकरणसँग कुनै सहमति तथा सम्झौता पनि नभएको बताउँदै बक्यौता तिर्न अस्वीकार गर्दै आएका थिए।

चार वर्षसम्म अतिरिक्त महसुलको बिल नआएको र नियमित महसुल तिर्दै आएको अवस्थामा चारवर्षपछि ६७ प्रतिशत महँगो महसुल जोडेर बिल पठाउंदा आफूहरु अन्यायमा परेको भन्दै उद्योगीहरुले माग र खपत गरेको प्रमाण माग्दै आएका थिए।

आफ्नो भार मिलान गर्दा प्राधिकरण आफैले उद्योगीले माग नै नगरेको अवस्थामा केही उद्योगहरु ट्रंक लाइनमा परेको बताएको थियो।

यहाँका उद्योगीहरुले पूर्वका उद्योगहरुका समस्यासँग एकै ठाउँ राखेर हेर्दा आफूहरु अन्यायमा परेको दाबी गर्दै आएका छन्।

नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २५ मा गठित समितिद्वारा पेस गरिएको प्रतिवेदनमा यस क्षेत्रका उद्योगका सम्बन्धमा २०७४ चैत १४ सम्म पञ्चकन्या औद्योगिक करिडोरमा रहेकोमा उक्त मितिदेखि प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरौलिया सबस्टेसनलाई अमवा सबस्टेसनमा जडान गर्ने क्रममा उक्त पञ्चकन्या करिडोर ट्रंक लाइनमा परिवर्तन हुन गएको भनी स्पष्ट उल्लेख भएकोले यस करिडोरका उद्योग प्राधिकरणको आन्तरिक व्यवस्थापनका क्रममा ट्रंक लाइनको परिभाषामा समेटिन पुगेको भनेको थियो।

आन्तरिक लोड मिलानका कारण ट्रंक लाइनमा परिवर्तन गरिएको हुँदा ती उद्योगलाई प्रिमियम दरमा होइन, सामान्य दरमै महसुल लगाउनुपर्ने राय स्वयं नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रका प्रमुख उमेशचन्द्र झाद्वारा २०७५ चैत ४ मा आन्तरिक टिप्पणी गरिएको थियो।

उद्योगमा २०७४ चैत १४ देखि ट्रंक लाइन जडान भएको भनिए पनि २०७५ वैशाख मसान्तसम्मको बक्यौता माग गरिएको तर, उक्त अवधिमा उद्योगमा निरन्तर विद्युत् आपूर्ति नभएको र प्राधिकरण वितरण केन्द्रकै निर्देशन अनुसार उद्योगलाई तोकिएको समयमा मात्र सञ्चालन गर्न अनुमति दिइएको थियो।



भौतिक रूपमा ट्रंक लाइनको परिभाषामा पर्न गएको देखिए पनि प्रिमियम दरमा महसुल लिन ६ घण्टाभन्दा बढी लोडसेडिङ र कम्तीमा २० घण्टाभन्दा बढी निरन्तर विद्युत् आपूर्ति हुनुपर्ने कानुनी मापदण्ड छ। विवादित अवधिमा ६ घण्टाभन्दा बढी लोडसेडिङ भएको र उद्योगहरूले २० घण्टा निरन्तर विद्युत् आपूर्ति नपाएको उद्योगीहरुको दाबी छ।

उद्योगीहरुले विवादको अन्त्य र न्यायका लागि वक्यौता पुनरावलोकन समितिमा निवेदन दिएका थिए।

तर, कुलमान घिसिङ ऊर्जामन्त्री बनेपछि १० असोजमा बसेको प्राधिकरण सञ्चालक समिति बैठकले बक्यौता पुनरावलोकन समिति बदर गरेको थियो।

समिति बदर गरिएपछि न्यायको ढोका बन्द गरेको भन्दै उद्योगीहरुले ट्रंक लाइन महसुल तिर्न नसक्ने बरु उद्योग बन्द गर्ने जानकारी सहित प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र पठाएका थिए। समिति बदर भएपछि प्राधिकरणले १२ असोजमा २१ दिनको म्याद दिएर सूचना निकाल्दै बक्यौता भुक्तानी गर्न ताकेता गरेको थियो। यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा डेडिकेटेड तथा ट्रंक लाइन महसुल बक्यौता सम्बन्धी विवाद समाधान गर्न पुनरावलोकन समिति गठन भएको थियो।

उक्त समितिमा बुटवल-भैरहवा करिडोरका करिब एक दर्जन उद्योगले ५ प्रतिशत रकम धरौटी सहित पुनरावलोकन निवेदन दिएका थिए। पुनरावलोकनमा गएका उद्योगी आफूहरूले माग र प्रयोग नगरेको ट्रंक लाइन महसुल तिर्न नपर्नेमा ढुक्क रहेकामा समिति नै बदर गरिनु बदनियत र अन्यायपूर्ण भएको पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहूले बताए। 'हामीले ट्रंकलाइन माग र प्रयोग (खपत) गरेको प्रमाण प्राधिकरणले देखाउनुपऱ्यो हामी तिर्छौं, अन्यथा आफ्ना कर्मचारीले गरेको गल्तीको भारी उद्योगीलाई बोकाउन पाइदैन', साहूले भने, 'पूर्वी नेपालका ठूला उद्योग र रुपन्देहीका उद्योगको समस्या फरक हो, तर तत्कालीन कार्यकारी निर्देशक कूलमान घिसिङको इगोको शिकार बुटवल-भैरहवा कोरिडोरका उद्योग भएका छौं, हामीमाथि ठूलो अन्याय भएको छ।'

प्राधिकरणलाई पैसा चाहिएको भए आफूहरु दान दिन तयार रहेको तर माग र प्रयोग नै नगरेको विद्युतको वक्यौता तिरेर निर्दोष हुँदाहुँदै अनाहकमा दोषी प्रमाणित हुन तयार नभएको साहूले बताए। 'हामीले अहिले प्रयोग नै नगरेको विद्युतको कथित बक्यौता महसुल तिर्नु भनेको जनमानसमा प्रयोग गरेका रहेछन् तर राज्यलाई तिर्न आलटाल गरेका रहेछन् भन्ने प्रमाणित गराउन खोज्नु हो, यसर्थ हामी बक्यौता तिर्न तयार छैनौं', साहूले भने।

यसअघिको सरकारले प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक रहेका कुलमान घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेपछि २६ वैशाख २०८२ मा विवादित महसुलका बारेमा पुनरावलोकनमा जान पाउने निर्णय भएको थियो।

त्यति बेला हालका कार्यकारी निर्देशक मनोज सिलवालले बुटवल-भैरहवा कोरिडोरका उद्योगको समस्या फरक भएकाले न्याका लागि पुनरावेदन समिति वा विद्युत नियमन आयोगमा गएर समाधान खोज्न सकिने सुझाव दिएका उद्योगीहरु बताउँछन्।

ट्रंक लाइनबाट डेडिकेटेड सरह २० घण्टा वा त्यसभन्दा बढी विद्युत् आपूर्ति लिए मात्रै प्रिमियम दरमा महसुल बुझाउनुपर्ने कानुनी व्यवस्था छ।

तर, प्राधिकरणले ट्रंक लाइन दिएको भनेको समयमै उद्योगहरूमा लोडसेडिङ रहेको र उद्योगहरू बन्द गर्नुपरेको उद्योगीहरु बताउँछन्।

चैत २०७४ मा प्राधिकरणको भैरहवा वितरण केन्द्रले आन्तरिक भार व्यवस्थापन तथा सन्तुलन गर्न बुटवल-भैरहवा करिडोरका उद्योगलाई १० देखि १५ दिनसम्म भरौलियाबाट विद्युत् आपूर्ति गरेको थियो।

त्यसअघि रुपन्देहीको अमुवा फिडरबाट ३३ केभीए प्रसारण लाइनको विद्युत् आपूर्ति भएको थियो। केही दिनका लागि ट्रंक लाइन जडान भएको जानकारी गराए पनि प्राधिकरणले १९ महिनासम्म पुरानै दरमा बिल पठाएको थियो।

'उद्योगले हरेक दिन विद्युत् उपयोग गरेको समय र घण्टा समेतको विवरण टीओडी मिटर अर्थात् टाइम अफ डेमा हुन्छ, तर प्राधिकरणले त्यो प्रमाण दिन सकेको छैन', एसआर फुड्स सञ्चालक सुमन भुसालले भने, 'हामीले माग र उपभोग गरेको प्रमाणविना प्रिमियम दरको महसुल कुन आधारमा तिर्ने ?'

ऊर्जामन्त्री घिसिङले पनि यसअघि महसुल विवादलाई तेस्रो पक्ष अर्थात् विद्युत् नियमन आयोग वा अदालतले समाधान गरोस् भन्ने अभिव्यक्ति दिए पनि अहिले विवाद समाधानका लागि गठित पुनरावलोकन समिति बदर गर्नुले शंका उत्पन्न भएको भुसालले बताए।

उद्योगीलाई जबरजस्ती महसुल तिराउन खोजिए डेढ दर्जन उद्योग स्थायी रूपमा बन्द हुने अवस्था आउने र करिब २० देखि २५ हजार श्रमिक बेरोजगार बन्ने खतरा रहेको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले बताए। ती उद्योगमा लगानी गरेका बैंक तथा वित्तीय संस्था पनि समस्यामा पर्ने र मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर नकारात्मक असर पार्ने आचार्यले औंल्याए।

'जेन जी आन्दोलनमा निजी क्षेत्रले अनाहकमा ठूलो क्षति व्यहोरेको छ, त्यसले उद्योगी व्यवसायीको मनोवल गिरेको छ, यस्तो अवस्थामा सरकारले फेरि न्यायिक निरुपणको बाटो बन्द गरेर विना प्रमाण जबरजस्ती बक्यौता तिराउन खोज्दैछ,यसले उद्योगहरु बन्द हुने र व्यवसायी पलायन गराउने देखिन्छ', आचार्यले भने।

विगतमा ट्रंक लाइन मार्फत उपभोग गरिएको विद्युत् प्रिमियम बक्यौता पुनरावलोकन गर्न गठित समितिमा उद्योगहरूले माघ २०७२ देखि वैशाख २०७५ सम्मको बक्यौताका विषयमा पुनरावलोकनका लागि निवेदन दर्ता गरी बक्यौताको ५ प्रतिशत रकम नगद वा बैंक ग्यारेन्टीका रूपमा जम्मा गरिसकेका थिए।

# बुटवलमा मोनोपोल जडान



**आचार्य प्रदीप**
*बुटवल*

बुटवल उपमहानगरपालिका-११ स्थित कालिकापथको योगिकुटीदेखि होराइजन चोकसम्मको सडकखण्डमा प्रसारणलाइनको मोनोपोल जडान कार्य सुरु भएको छ। बुटवलबाट मोतिपुरतर्फ जाने १३२ केभी डबल सर्किट प्रसारणलाइनमा चारखुट्टे टावर हटाएर शो सडकखण्डमा मोनोपोल जडान थालिएको हो।

बुटवल ग्रिड डिभिजनका महाशाखा प्रमुख अनिल बञ्जाडेले करिब एक किलोमिटर क्षेत्रमा रहेका चारवटा टावर हटाएर मोनोपोल जडान कार्य थालिएको जानकारी दिए। सडकखण्डमा ३०/३० मिटरका दुईवटा र ३२/३२ मिटरका दुईवटा मोनोपोल जडान गरिने योजना अनुसार आजबाट काम सुरु गरिएको बताए।

प्रसारणलाइनलाई सात दिन सटडाउन गरी मोनोपोल जडान र तार प्रतिस्थापन कार्य सुरु गरिएको उनले जानकारी दिए। मोनोपोल निर्माणका लागि तीन करोड ६५ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको उनले जानकारी दिए।

बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले नेपालमै १३२ केभिए लाइनमा मोनोपोल पहिलोपटक जडान गरिएको बताए। उनले पहिलोपटक अभ्यास सफल भएमा अन्य क्षेत्रमा समेत कार्य गर्न सकिने भएकोले यो बुटवलको लागि मात्रै नभइ सिंगो राष्ट्रिको लागि भएको उल्लेख गरे। उनले यो क्षेत्रमा हाइमास्ट लाइट जडानको लागि अध्ययन गर्न आग्रह गरेको बताउँदै यो कार्य उज्यालो बुटवल अभियानलाई प्रभावकारी हुने तर्क गरे।

सडक र प्रसारणलाइनको दूरी कम भएकाले ठूला गाडीले लाइन छोएर दुर्घटना हुनसक्ने जोखिमलाई न्यून गर्न मोनोपोल जडान गरिएको हो। हाल सडक र लाइनबीचको दूरी ६ मिटरभन्दा कम छ। मोनोपोल जडानपछि यो दूरी करिब ९ मिटरको हुनेछ।

हाल चारखुट्टे टावरको बेसमेन्ट व्यास करिब ८ मिटर रहेको छ, जुन सडकका लागि अवरोध बनेको छ। मोनोपोलको बेसमेन्ट व्यास करिब २.५ मिटर मात्र हुने भएकाले सडक फराकिलो हुने र आवागमन सहज हुने प्राधिकरणले जनाएको छ। मोनोपोल स्थापना भएपछि प्रसारणलाइनको मार्गाधिकार घट्ने भएकाले आसपासका घरहरू थप सुरक्षित बन्नेछन्।



दैनिक लुम्बिनी

# सम्पादकीय

## विद्युतमा कुलमान आंतक रोक

ट्रंकलाइन र डेडिकेटेड लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत प्राधिकरणले रूपन्देहीका १० उद्योगको विद्युत आपूर्ति बन्द गरेको छ। उद्योगीले ट्रंक लाइन र डेडिकेटेडका लागि माग नै नगरेकोले महशुल भुक्तानी नगर्ने बरु उद्योग नै बन्द गर्ने जानकारी सरकारलाई दिएका छन्। उर्जामन्त्री कुलमान घिसिङको दबाबमा रूपन्देहीका केही ठूला उद्योगले उपभोग नगरेको बिजुलीको महशुल भुक्तानी गर्न दबाब दिइएको छ। प्राधिकरणमा कार्यकारी निर्देशक हुँदा 'कुलमान आतंक' भोगेका उद्योगी व्यवसायीका लागि उनै कुलमान उर्जामन्त्री भएपछि सताइन थालेपछि उद्योग बन्द गर्ने तयारी गर्न थाल्नु मुलुकको अर्थतन्त्रका लागि चिन्ताजनक छ।

नेपाल विद्युत प्राधिकरण विद्युत महशुल संकलन विनियमावली २०७३ को विनियम ५(५) मा ३३ केभी ट्रंकलाइन तथा ११ केभी रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति नगरिने, अर्को व्यवस्था नभएसममको लागि ट्रंकलाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महशुल तिरी लिन सक्ने व्यवस्था छ। यस्तो सेवा लिनका लागि निवेदन दिने र डेडिकेटेड लाइन सरह प्राधिकरण सञ्चालक समितिबाट स्विकृति लिनुपर्ने विनियमावलीमा उल्लेख छ। ट्रंकलाइनबाट विद्युत लिन उद्योगले निवेदन लिई प्राधिकरणको सञ्चालक समितिबाट स्विकृति हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा कोरिडोरका उद्योगहरुले माग नै नगरेका र प्राधिकरणबाट कुनै निर्णय नभएको स्पष्ट पारेका छन्। प्राधिकरणको विनियमावली विरुद्ध गएर उद्योगीमाथि आंतक श्रृजना गर्न खोजिएको छ।

बुटवल– भैरहवा कोरिडोरमा सञ्चालित डेढ दर्जन उद्योगले माग र खपत नगरेको बिजुलीको पैसा नतिर्ने अडान लिदै आएका छन्। उनीहरुको यो अडान जायज छ। कोभिड महामारीबाट सुस्ताएको अर्थतन्त्र चलायमान हुन थालेको बेला जेनजी आन्दोलनका क्रममा भएको विध्वंशले पुनः अर्थतन्त्र थला पर्ने संकेत देखिइरहेका बेला सरकार उद्योगी व्यवसायीको आडभरोसा बन्न सक्नुपर्दथ्यो। अर्थमन्त्री रामेश्वर खनाल उद्योगी व्यवसायीको आडभरोसा बन्न खोजेपनि कुलमान आतंकका सामु उनी निरिह हुँदै गएका छन्। उद्योगीहरुमा देखिएको निराशा र आक्रोशले मुलुकबाट पूँजी पलायन हुने जोखिम बढाएको छ। औद्योगिक वातावरण बनाउने काम राज्यको हो। राज्यका निकायहरु उद्योग मैत्री हुनसक्दा मात्रै मुलुकमा लगानीको वातावरण बन्छ। वैदेशिक लगानी भित्र्याएर ठूलो संख्यामा रोजगारी श्रृजना गर्ने योजना कार्यान्वयन गर्नुपर्ने बेला उर्जामन्त्री कुलमान घिसिङ किन पूर्वाग्रह साँधिरहेका छन् ? उर्जामन्त्री घिसिङको यो रवैयाले लगानीको वातावरण बिथोलिएको छ।पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले उद्योगी व्यवसायी अन्यायमा परेको भए उजुरी दिन पाउने र त्यो उजुरी छानविन गर्नका लागि बक्यौता पुनरावलोकन समिति गठन गरेको थियो। उद्योगीहरूले विवादको अन्त्य र न्यायका लागि बक्यौता पुनरावलोकन समितिमा निवेदन दिएका थिए। तर घिसिङ उर्जामन्त्री बनेपछि १० असोजमा बसेको प्राधिकरण सञ्चालक समिति बैठकले बक्यौता पुनरावलोकन समिति बदर गऱ्यो। समिति खारेज गरेपछि उद्योगीको मर्का सुन्ने निकाय नै भएन्। समिति बदर भएपछि प्राधिकरणले १२ असोजमा २१ दिनको म्याद दिएर सूचना निकाल्दै बक्यौता भुक्तानी गर्न भनेको थियो।

उद्योगीहरुले ट्रंकलाइन प्रयोग गरेको टिओडी प्रमाण प्राधिकरणले देखाएमा बिल अनुसारको पैसा तिर्न सधैं तयार भएको बताइरहेको बेला ट्रंकलाइन प्रयोग गरेको टिओडी प्रमाण प्राधिकरणले उपलब्ध गराउन किन आलटाल गर्छ ? तसर्थ उद्योगीलाई अनावश्यक दवाव दिएर आतंकित बनाउने छुट प्राधिकरणलाई छैन्। उद्योगीले प्रयोग गरेको बिजुलीको शुल्क नियमानुसार तिर्नुपर्छ। तर प्रयोग नै नगरेको शुल्क तिर्न बाध्य पार्नुहुँदैन्। उद्योगीलाई आंतकित पार्ने उर्जामन्त्री घिसिङलाई प्रधानमन्त्रीले लगाम लगाउनुपर्छ।

# छठ पर्वको सामाजिक र प्राकृतिक महत्व



शीतलप्रसाद महतो

श्रद्धा, भक्ति र सम्पूर्ण तराईको साझा सांस्कृतिक प्रतिविम्बको पहिचानको रूपमा मनाइने छठ पर्व आजदेखि धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ मनाउँदैछ। सत्य, अहिंसाप्रति मानवको रूचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईवासीहरूको महान चाड हो, छठ पर्व। तराईका सबै जातजातिले साझा रूपमा मनाउने यस पर्वको विशेषता हो। सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ।

सूर्य उपसना गरिने यो पर्वमा परिवारको ज्येष्ठ महिला वा बुहारीको नेतृत्वमा चार दिन सम्म मनाइन्छ। छठ पर्वको आरम्भदेखि अन्त्य सम्म गीतको ध्वनि गुञ्जिरहन्छ। पिठो पिंध्दा, परिकार बनाउँदा, पूजा सामग्री नदी, पोखरी वा जलाशयसम्म लैजाँदा, पूजा चलिरहँदा र सूर्य देउतालाई अर्घ्य चढाउने बेलामा समेत गीत गाइन्छ। कात्तिक महिनाको चौथीखि बर्तालु भई यो पर्व मनाउन सुरु गरिन्छ र सप्तमीको विहान यो पर्वको समापन गरिन्छ। पहिलो दिनअर्थात् चतुर्थीका दिनलाई 'अरबा-अरबाइन' वा नहान खान भन्ने गरिएको छ। यो दिनमा बर्तालुहरूले खोला, नाला, नदी, पोखरी र तलावलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन्। व्रतीले भोजनमा माछामासु, लसुन, प्याज र कोदोजस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन्। यो दिनलाई बर्तालुहरूले आँखा पनि भन्ने गरिन्छ।

पञ्चमी तिथि (दोस्रो दिन) लाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ। खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन बर्तालुहरू दिनभरि निर्जला व्रत बस्छन् र साँझ पख नुहाएर चोखो भई आफ्नो कुलदेवता स्थापना गरेको पूजा कोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ। प्रसादको रूपमा विशेषगरी पाकेको केरा र खीरलाई लिन्छ। त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीले राति चन्द्रोदय पछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन्। यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ।

षष्ठीका दिन (तेस्रो दिन) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ। छठ पूजाका सामाग्री तयार पर्दा विशेष चनाखो हुन्छन्। पूजाका सामग्रीलाई चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ। त्यसैले पूजा सामग्री तयार पार्दा महिलाहरूले श्रद्धापूर्वक गीत गाउने गर्छिन्।

केरवा ज फरल घउरस वोपर सुगा मडराय,  
मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय।

छठ मातालाई चढाउने फलफूल जुठो हुनुहुन्न। छठ मातालाई चढाउने केरा सुगाले नखाउन भनेर गीतबाटै सचेत गराउन खोजिएको छ। सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरुकिया तथा मुला, गाजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन्। यस अवसरमा बर्तालु महिलाहरूले श्रद्धापूर्वक गाउने गर्छिन्-

हातबा मे फूलवा के डलिया, छठ पूजन जाय।  
छठी मैया होइब सहाय, छठ पूजन जाय॥

(अर्थात् हातमा फूलको डालो लिएर छठी मैयाको पूजाका लागि गइरहेका छौं, छठी माता हामी माथि विशेष कृपा बनाइराख्नु होला)

यस पर्वमा चढाइने वस्तुहरू पनि प्रकृतिमै आधारित छन्। जस्तै उखु, बोटसमेतको बेसार र त्यसबेला उपलब्ध अन्य कृषि–खाद्य सामग्री। यसले पनि प्रकृतिको सम्मान गर्नुपर्ने पाठ नै यस पर्वले सिकाउँछ। निर्धारित जलाशयमा पुगेर परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टाङ्क दण्डवत गर्छन्। त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धतिअनुरूप 'अरिपन चित्र' कोरेका हुन्छन्। त्यसपछि व्रतीले सन्ध्याकालीनअर्थात् अस्ताउन लागेको सूर्यलाई प्रसादस्वरूप अर्घ्य दिनका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्ने गर्छन्। यस क्रममा व्रतीले दुवै हत्केलामा 'पिठार' र सिन्दूरलगाएर अक्षेता फूल हालेर अन्य अघ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन्।

पर्वको चौथो दिन (अन्तिम दिन) लाई पारन (पार्वण) भनिन्छ। यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातकालीन सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरिन्छ। अर्घ्य सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ। व्रतीले छठ व्रतको कथा सुन्छन् र सुनाउँछन्। यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि रहेको छ। प्रातःकालीन अघ्यमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि हुन्छ।

महाभारतका अनुसार द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डवहरू मिथिलाको बिराट राजाका क्षेत्रमा बास बसेको उल्लेख छ। लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो। सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसुयाले छठ व्रत गरेकी थिइन्, फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि 'छठ पर्व' गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ।

छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि त्यत्तिकै छन्। वैज्ञानिक ज्योतिष तथा चिकित्सकहरूले पनि सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन्। संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन्। तिनको शक्ति बिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन। सूर्य किरणको चिकित्सा माथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ। सूर्यको किरणबाट कैयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ। साम्व पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ। यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देउता प्रसन्न भई व्रतीलाई कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता छ। यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट व्रत गराउने गर्छन्। आर्थिक अभाव रहे पनि भिक्षा मागेर भए पनि यो पर्व मानिसहरू मनाउने गर्छन्। तराईवासीहरूको महान् चाड छठपर्व पछिल्लो दिनमा राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रियकरणतर्फ उन्मुख भएको छ। यो महापर्व जहाँकहीँ पनि विश्वमा मैथिली र भोजपुरी भाषी छन्, त्यहाँ मनाइने गरिएको छ।

महापर्व छठले पवित्रता, स्वच्छता र सफाइको महत्वमा जोड दिएको छ, यी स्वास्थ्य र निरोगिताका लागि अनिवार्य छन्। यस पर्वले पर्यावरणको सन्तुलन र संरक्षणको सन्देश पनि दिएको छ, जो प्राणी जगत्का लागि आवश्यक छ। प्रकृतिप्रति आदर भावको उद्देश्य पर्यावरणको संरक्षणका सन्दर्भमा जनचेतना जागृत गर्नमा पनि यो पर्वको महत्वपूर्ण भूमिका छ। प्रकृति सबैको हो। यो सामूहिक सम्पदा हो, यसको उपयोग सबैले गर्न पाउनुपर्छ र कुनै पनि आधारमा कसैलाई पनि प्रकृतिको सदुपयोगबाट वञ्चित गरिनुहुँदैन भन्ने सन्देश पनि यस पर्वले दिन्छ।

जल नै जीवन हो भन्ने महत्वपूर्ण सन्देश दिने यो महापर्व दसैंजस्तै वर्षमा दुई पटक मनाइन्छ। कात्तिक र चैत महिनाको शुक्ल पक्षमा मनाइने यो पर्व पारिवारिक सुख, समृद्धि, पुत्र प्राप्ति र मनोकामना पूर्तिका लागि गरिन्छ। बिहान र बेलुकाको सूर्यको किरण मानव स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने सन्देश पनि यस पर्वमा निहित छ। सूर्य र प्रकृतिले जसरी कसैप्रति भेदभाव गर्दैन। त्यसरी नै छठपर्वले पनि कसैलाई भेदभाव गर्दैन। सबै जातजातिले साझा रूपमा मनाउने यस पर्वप्रतिको आस्थामा कसैमा विभेदको अनुभूति हुँदैन।

# नुम्बुर हिमालको पहिलो पटक सफल आरोहण



सोलुखुम्बु । सोलुखुम्बुको सोलुदूधकुण्ड नगरपालिका -१ मा अवस्थित नुम्बुर हिमालको पहिलो पटक सफल आरोहण भएको छ।

प्रसिद्ध धार्मिकस्थल दुधकुण्ड पोखरीको शिरमा रहेको ६ हजार नौसय ५८ मिटर अग्लो नुम्बुर हिमाल आरोहणका लागि गएको टोलीले १५ घण्टाको प्रयासपछि चुचुरोमा पाइला टेक्दै इतिहास रचेको हो। सेभेन समिट ट्रेक कम्पनीमार्फत हिमाल आरोहणका लागि गएको तीन सदस्यीय विदेसी टोलीले नुम्बुर हिमालको सफल आरोहण गरेको हो।

सेभेन समिटका कर्मचारी कर्मा छिरिङ शेर्पाका अनुसार पोल्याण्डका नागरिक आडम, जर्मनीका फोलिक्स र इटालियन नागरिक हर्भले आरोहण सफल गरेर फर्किएका हुन्। सोलुदुधकुण्ड नगरपालिकाको पहलमा पर्यटन विभागले पछिल्लो समय नेपालका केही हिमाल आरोहणका लागि खुला गर्दा नुम्बुर हिमाल पनि खुला भएको थियो। यससँगै नुम्बुर हिमालमा पाइला टेक्ने पहिलो आरोहीको नाम इतिहासमा दर्ज भएको छ।

हिमालको सफलतापूर्वक आरोहण गरेपछि वडाध्यक्ष छोङ्बा शेर्पा लगायत स्थानीय पर्यटन व्यवसायीले स्वागत गरेका छन्। नुम्बुर आरोहण सफल भएसँगै पर्यटनमा नयाँ ढोका खोलिएको नगर प्रमुख नाम्गेल जाङ्बु शेर्पाले बताउनुभयो।

यसअघि सन् १९६३ मा जापानी आरोहण दलका आरोहीहरूले आरोहणको प्रयास गरेको भए पनि उक्त प्रयास असफल भएको स्थानीय जानकारले बताएका छन्। यस्तै, दोस्रो पटक १९८१ मा फ्रान्सेली आरोहण दलका सदस्यहरूले समेत आरोहणको प्रयास गरेका थिए। उनीहरू पनि असफल भएका थिए। पछिल्लो पटक गएको दुई वटा आरोहण टोलीमध्ये एउटा टोलीले सफल आरोहण गरेको छ।

# चार अर्ब ४७ करोडभन्दा बढि राजस्व सङ्कलन




नेपालगन्ज । पश्चिम नेपालको सबैभन्दा ठुलो नाकाको रूपमा रहेको नेपालगन्ज नाकाबाट चालु आर्थिक वर्ष २०८२/८३ को सुरुको तीन महिनामा चार अर्ब ४७ करोडभन्दा बढि राजस्व सङ्कलन भएको छ।

गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधीमा चार अर्ब ४० करोड रुपियाँ राजस्व सङ्कलन भएको जनाउँदै नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले चालु आवमा राजस्व सङ्कलनमा सात करोड रुपियाँभन्दा बढि वृद्धि भएको बताए।

उनले जेनजी ओन्दोलनका कारण केही दिन नाका बन्द र राजस्व सङ्कलन प्रभावित नभएको भए अझै राजस्व सङ्कलन बढि देखिने अवस्था रहेको बताए।

सूचना अधिकारी खड्काका अनुसार चालु आवको सुरुका तीन महिनामध्ये साउनमा लक्ष्यको ७५ प्रतिशत, भदौमा ७० प्रतिशत र असोजमा ८८ प्रतिशत राजस्व सङ्कलन भएको छ भने गत आवको सोही अवधीको साउनमा ७३ प्रतिशत, भदौ र असोजमा ६६ प्रतिशत राजस्व सङ्कलन भएको थियो।

नेपालगन्ज भन्सार कार्यालयका अनुसार यस वर्ष साउनमा एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार, भदौमा एक अर्ब ३५ करोड १० लाख नौ हजार र असोजमा एक अर्ब ७४ करोड १६ लाख पाँच हजार रुपियाँ राजस्व सङ्कलन भएको छ।

राजस्व सङ्कलनमा सबैभन्दा बढि योगदान आयाततर्फ चामल, मकै, चिनी र फलामका विभिन्न वस्तुहरूको रहेको छ। यी वस्तुहरुको आयात चालु आवमा विगतभन्दा बढि र अत्यधिक मात्रामा भएको पाइएको छ।

यसैगरी, निर्यातमा जडिबुटी र जडिबुटी जन्य विभिन्न वस्तुहरूको योगदान रहेको भन्सार कार्यालयका सूचना अधिकारी खड्काले बताउनुभयो।

गत केही वर्षदेखि लक्ष्य अनुसारको राजस्व सङ्कलन हुननसक्नुमा अवैध आयात निर्यात, चोरी, तस्करी मुख्य कारण रहेको स्थानीय उद्योगी व्यवसायीहरूको भनाइ छ।

नेपालगन्ज नाकाबाट आयात हुने वस्तुहरूमा डिजेल, पेट्रोल, एलपी ग्यास, कोइला, पोलिथिन दाना, तेल, मार्बल, मोटर गाडीका पार्टपूर्जा, कागज, मेसिनरी पार्टर्स, चामल र मकै लगायतका खाद्यान्न, माछा, एमएस ब्लेट तथा विद्युतीय सामग्री प्रमुख रहेका छन्।

सोही प्रकारले खोटो, रोजिन, जडीबुटी, मसला, पिना, अदुवा, सुठो र रद्दी कागज जस्ता सामान भारतलगायत तेस्रो मुलकमा निकासी हुने गरेको छ।

# तरकारी खेतीबाट नौ लाख आम्दानी



ढोरपाटन । ढोरपाटन नगरपालिका-४ खुङ्गाकी रिममाया बुढाथोकी सात वर्षअगाडि छोराछोरी पढाउनका बागलुङ बजार झरेकी थिइन् । गाउँबाट बजार झरेकी रिममायालाई सुरुमा घुलमिल हुन निकै गाह्रो भएको थियो । बिहान बेलुका छोराछोरीसँग बिताए पनि दिनमा एक्लै बस्नुपर्थ्यो । दिनमा केही काम गर्ने सोंच बनाए पनि बजारमा काम पाइएन ।

आफू बस्ने ठाउँ वरपरका स्थानीयले व्यावसायिक तरकारीखेती गरेको देखेपछि उनीलाई बारीमा काम गर्ने इच्छा जाग्यो । त्यसपछि जग्गा भाडामा लिएर उनले तरकारीखेती गर्न थालिन् ।

अहिले उनी बजारमा उत्कृष्ट महिला किसानका रूपमा परिचित छिन् । बागलुङ नगरपालिका-४ ओढारचौरमा बुढाथोकीले तरकारीखेती सुरु गरेको चार वर्ष भयो । बजार नजिकै तरकारी फलाउने हुँदा बिक्री नहुने समस्या छैन । उनको बारीमा बाह्रै महिना तरकारी फल्छन् ।

बुढाथोकीले तरकारीसँगै पोहोर सालदेखि च्याउखेती पनि सुरु गरेकी छिन् । विसं २०७५ मा श्रीमान र छोराछोरीसँगै बागलुङ झरेकी बुढाथोकीले बागलुङ नगरपालिका-४ मा १५ रोपनी जमिन वार्षिक रु ८३ हजार भाडा तिर्नेगरी लिजमा लिएर चारवटा च्याउ र तीनवटा टमाटरका टनेल निर्माण गरेकी छिन् । च्याउ, टमाटर, लौका, घिरौला, बोडी, सिमी, खुर्सानी, धनियाँ, साग, भेन्टा र विभिन्न तरकारीसँगै बुढाथोकीको बारीमा मसलाजन्य अदुवा र बेसार पनि उत्पादन हुन्छ । अहिलेसम्म रु २५ लाखभन्दा बढी लगानी गरेको उनले बताइन् ।

बुढाथोकीले भनिन्-"सुरुमा दिन कटाउन गाह्रो भएको थियो, अहिले दिनभर बारीमा काम गर्दा कति छि" साँझ पर्छ पत्तै हुँदैन, यतिकै बस्नुभन्दा केही उद्यम गर्दा राम्रो हुन्छ भन्ने हिसाबले तरकारीखेती गर्न थालेकी थिएँ, अहिले राम्रो हुँदै गएको छ, बजार यहीँ भएको हुँदा बिक्री वितरणमा समस्या छैन, कतिपय उपभोक्ता त बारीमै आएर तरकारी किन्नुहुन्छ ।"

बुढाथोकीले तरकारीबाट रु चार लाख र च्याउबाट रु पाँच लाख गरी वार्षिक रु नौ लाख आम्दानी गर्न थालेको बताइन् । तरकारीखेती गर्न थालेपछि बुढाथोकीले गरिमा कृषि फार्म दर्ता गरेकी छिन् । मासिक तलब दिएर एक जनालाई रोजगारीसमेत दिएकी छिन् । रिममायालाई श्रीमान कपिल र छोराछोरीले पनि समयसमयमा सघाउँछन् ।

बुढाथोकीले तरकारीखेती विस्तार र व्यवस्थापन गर्न समयसमयमा विभिन्न निकायबाट सहयोग पनि प्राप्त गरेकी छिन् । उनले यसै वर्ष उद्यमशीलता कार्यक्रमअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट च्याउखेतीका लागि टनेल व्यवस्थापन गर्न रु चार लाख सहयोग प्राप्त गरेको जनाइन् । अनुदान पाएपछि उत्पादन वृद्धि गर्न सहज भएको उनको भनाइ छ । तरकारीको बजार व्यवस्थापनमा समस्या नभए पनि पानीको अभाव हुँदा उत्पादनमा बढाउन समस्या भएको उनले सुनाइन् ।

अघिल्लो वर्ष कृषि ज्ञान केन्द्रबाट दुईवटा टमाटर टनेल र यस वर्ष मसला बाली व्यवस्थापनका लागि प्रविधि सहयोग प्राप्त गरेको उनले बताइन् । बागलुङ नगरपालिकाबाट समेत तीन वर्ष पहिले सहयोग प्राप्त गरेको बुढाथोकीको भनाइ छ । सिँचाइका लागि पानीको सुविधा नहुँदा समस्या भोग्नुपरेको उनले गुनासो पोखिन् ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले किसानलाई प्रोत्साहन गर्न अनुदानसहित प्राविधिक सहयोग गर्दै आएको बताए ।

समयसमयमा फार्ममै पुगेर परामर्शसमेत प्रदान गर्ने गरेको उनको भनाइ छ । बजार क्षेत्रमै राम्रो तरकारी उत्पादक किसानको छबि बनाएकी बुढाथोकीलाई आवश्यक तालिम र उपकरण पनि दिने प्रमुख सिलवालले बताए । पछिल्लो समय बागलुङमा धेरै किसान तरकारीखेतीतर्फ आकर्षित भइरहेको उनले जनाए । यहाँ उत्पादन भएको तरकारीले बजार नपाउने समस्या नभएको सिलवालको भनाइ छ ।

# नागरिकताको अभिलेखलाई 'डिजिटाइजेसन'

नवलपरासी । चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो तीन महिनामा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा नौ हजार बढीले राष्ट्रिय परिचयपत्रका लागि फारम भरेका छन् । नयाँ नागरिकता, विद्युतीय राहदानी बनाउनेको सङ्ख्या भन्दा पनि राष्ट्रिय परिचयपत्र बनाउने आउने जिल्लावासीको सङ्ख्या उल्लेख्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले बताए ।

उनकाअनुसार जिल्लाबाट गत साउन १ देखि असोज मसान्तसम्म नौ हजार ३१५ जनाको राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन गरिएको छ । राष्ट्रिय परिचयपत्रको बनाउने आउनेमा पाँच हजार ४०८ जना महिला तथा तीन हजार ९०७ जना पुरुष रहेका उनको भनाइ छ । जिल्लाबाट राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन तीव्ररूपमा भइरहेको उहाँको भनाइ छ ।

बैङ्क खाता खोल्नदेखि सरकारी कामका लागि समेत सरकारले राष्ट्रिय परिचय पत्र अनिवार्य गराएपछि जिल्लावासी राष्ट्रिय परिचयपत्र बनाउन आउन लागेका उनले बताए । जिल्ला प्रशासन कार्यालय कावासोतीबाट जिल्लावासीको राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिँदै आएको छ ।

त्यस्तै, यही अवधिमा जिल्लामा नयाँ नागरिकताभन्दा धेरैले राहदानी (पासपोर्ट) बनाएका छन् । गत साउनदेखि असोज मसान्तसम्म जिल्लामा एक हजार ८७१ जनाले नयाँ नागरिकता बनाउँदा तीन हजार ४१२ जनाले विद्युतीय राहदानी बनाएका हुन् । जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का सूचना अधिकारीसमेत रहेका शर्माकाअनुसार पछिल्लो तीन महिनामा ९५९महिलाले नयाँ नागरिकता बनाएका छन् ।

त्यस्तै ८८२ जना पुरुषले नयाँ नागरिकता लिएका शर्माले बताउनुभयो । यही अवधिमा जिल्लामा एक हजार ९४९ जना पुरुष, एक हजार ३४५ महिला तथा १२१ नाबालकले विद्युतीय राहदानी लिएका शर्माले जानकारी दिनुभयो । जिल्लावासीले वैदेशिक अध्ययन, रोजगारी तथा घुम्न जानका लागि राहदानी बनाउने गरेका उल्लेख गर्दै सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जिल्लाबाट राहदानीको फारम भर्ने र चाँडो आवश्यक पर्नेलाई काठमाडौँ पठाउने गरिएको बताउनुभयो ।

गत असोज मसान्तसम्म जिल्लाबाट एक हजार ३३१ पुरुष तथा एक हजार २४८ महिला गरी दुई हजार ५७९ जनाले नागरिकताको प्रतिलिपि लिएका उहाँको भनाइ छ । त्यस्तै ५०० जना जिल्लावासीको नागरिकता स्क्यान गरी नागरिकताको अभिलेख डिजिटाइजेसन गरिएको उहाँले बताउनुभयो ।

# तीन वटा प्रसारण लाइन निर्माणका लागि सरकारको अनुमति




काठमाडौँ । सरकारले चालु आवको हालसम्म तीन वटा प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले भेरी करिडोरको बिजुली राष्ट्रिय प्रणालीमा जोडनका लागि महत्वपूर्ण मानिएको नलगाड मैनताडा प्रसारण लाइनलाई निर्माण अनुमति प्रदान गरेको छ । सो प्रसारण लाइन ७५ किलोमिटर लामो रहेको छ । कूल ४०० केभी क्षमताको सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बराबरको बिजुली प्रवाह गर्न सक्ने विभागले जनाएको छ । राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले सो प्रसारण लाइन निर्माण गर्दैछ ।

यस्तै, ३३ केभी क्षमताको खोरुङ्गा खोला प्रसारण लाइन निर्माणका लागि पनि अनुमति दिएको छ । सो प्रसारण लाइन चार दशमलव ३८ किलोमिटर रहेको छ । सो प्रसारण लाइनले चार दशमलव आठ मेगावाट बिजुली प्रवाह गर्छ । जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली प्रणालीमा जोडनका लागि सो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यसैगरी सुपर सर्दी खोला हाइड्रोपावरले पनि उत्पादित बिजुली प्रणालीमा जोडनका लागि ३३ केभी क्षमताको तीन दशमलव ६८ किलोमिटर लामो प्रसारण लाइन निर्माण गर्दैछ । सो प्रसारण लाइनमा दुई दशमलव नौ मेगावाट बिजुली प्रवाह हुनेछ । विभागले हालसम्म कूल २७४ वटा साना ठूला प्रसारण लाइन निर्माणका लागि अनुमतिपत्र प्रदान गरिसकेको छ ।

यस्तै, चालु आवको हालसम्म कूल आठ वटा प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिइएको छ । ती आयोजनामा १३२ केभी क्षमताको मध्य चमेलिया रहेको छ ।

बेल्डिया सोलार पावर परियोजना, फालेखु खोला १३२ केभी प्रसारण लाइन परियोजना, जानकी सोलार पावर प्रसारण लाइन, दुधकोशी पाँचौँ २२० केभी प्रसारण लाइन परियोजना, समुन्द्रटार लप्सेफेदी २३२ केभी प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ ।

यस्तै, डाडाँखेती बुर्तीबाङ १३२ केभी प्रसारण लाइन र सानी भेरी १३२ केभी प्रसारण लाइन परियोजना छन् । विभागले हालसम्म कूल १४४ प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिएको छ ।

यसैगरी विभागमा हालसम्म कूल सर्वेक्षण अनुमतिपत्रका लागि कूल २१ वटा प्रसारण लाइनको आवेदन परेको छ । त्यसमध्ये चालु आवको हालसम्म मात्रै ११ परियोजनाले अनुमतिका लागि आवेदन दिएका छन् ।

# स्याङ्जामा सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक



स्याङ्जा । स्याङ्जाको एक पालिकाले सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाएको छ । गल्याङ नगरपालिकाले सार्वजनिक स्थलसँगै विद्यालय क्षेत्र वरिपरि सुर्तिजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाएको हो । नगरलाई लागुऔषध निरुत्सायी बनाउने उद्देश्यले पहिलो प्रयासमा पालिकाले विद्यालय क्षेत्र, स्वास्थ्य संस्था, जेष्ठ नागरिक आश्रम र शिशु स्याहार केन्द्र वरिपरि सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाउँदै सार्वजनिक सूचना जारी गरेको छ ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत भविश्वर घिमिरेले एक सूचना जारी गर्दै सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐनअनुसार तोकिएको क्षेत्रमा सुर्तिजन्य पदार्थ बिक्रीवितरण नगर्न र नगराउन अनुरोध गरेका छन् । विद्यालय क्षेत्र वरिपरि र स्वास्थ्य संस्था वरिपरि सुर्तिजन्य पदार्थको बिक्रीवितरण हुँदा विद्यार्थीहरुमा नकरात्मक असर पर्ने विषयलाई ख्याल गरेर सूचना जारी गरिएको प्रमुख प्रशासकीय अधिकृत घिमिरेले जानकारी दिए ।

गण्डकी प्रदेश सरकारको सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा बनेको ऐन २०७६ को परिच्छेद ३ को दफा ११ को उपदफा ३ मा शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, जेष्ठ नागरिक आश्रमलगायत क्षेत्रको कम्तिमा एकसय मिटरभित्रका पसलहरु र वरिपरि सुर्तिजन्य पदार्थ बिक्रीवितरण गर्न नपाईने व्यवस्था । सोही व्यवस्थालाई कार्यान्वयन गर्न पालिकाले तोकिएका क्षेत्रमा सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाइएको घिमिरेले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । सोही दफाको उपदफा ५ मा विद्यालय तथा विश्वविद्यालयको पोषाक लगाई सुर्तिजन्य पदार्थ खरिद गर्न जाने जुनसुकै उमेरको विद्यार्थीलाई सुर्तिजन्य पदार्थ बिक्रीवितरण गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था रहेकाले यसको कार्यान्वयन गर्न सबै नरवासीलाई घिमिरेले सूचनामार्फत् अपिल गरेका छन् ।

नगरपालिकाले तोकेको सय मिटर क्षेत्रभित्र सुर्तिजन्य पदार्थ बिक्रीवितरण गरेको पाइएमा सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐनअनुसार कारबाही हुने समेत सूचनामा उल्लेख गरिएको छ ।

लागुऔषध न्यूनीकरण गर्न पहिलो पटक सार्वजनिक सूचनामार्फत् नागरिक, उद्योगी व्यवसायी, शिक्षक, कर्मचारी, अभिभावकहरुलाई जानकारी गरेको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताए ।

पहिलो फेजमा सूचनामार्फत् जानकारी गराएका छौं,' उनले भने-'दोस्रो फेजमा नगर प्रहरीमार्फत् अनुगमन गर्नेछौं, शिक्षक, विद्यालय व्यवस्थापन समितिमार्फत्पनि यसको अनुगमन गर्ने र आवश्यक परे कारवाही प्रक्रिया अगाडी बढाउने छौं ।'

विद्यार्थीहरुमा बढी चुरोट खाने क्रम देखिएकाले यो अभियानलाई अगाडि बढाएको नगरपालिकाले जनाएको छ । विद्यालय क्षेत्रबाटै यसको न्यूनीकरणमा अगाडि बढ्दा केही हदसम्म समाधान हुने देखिएकाले नगरपालिकाले कानुनले तोकेका क्षेत्रहरुमा सुर्तिजन्य पदार्थको रोक लगाउन खोजिएको नगर प्रमुख भट्टराईले बताए । ११ ओटा पालिकाहरुमध्ये गल्याङले सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐन कार्यन्वयन गर्ने पहिलो पालिका बनेको छ ।

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Road Infrastructure Development Office**
**Pyuthan**

**Invitation for Bids**

**IFB No.: 01/082/83**
**Date of publication: October 26, 2025 (Kartik 09. 2082)**

***Road Infrastructure Development Office, Pyuthan*** invites electronic bids from Nepalese eligible bidders for the ***Construction of Road Works*** in Pyuthan district under National Competitive Bidding (NCB) & Sealed Quotation (SQ) Procedures. Eligible Bidders may obtain further information through PPMO website **www.bolpatra.gov.np/egp** or on the notice board of this office.

**Acting Office Chief**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



छठ पूजाको तयारी गरिँदै : रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-४ स्थित श्रीराम जानकी हनुमान मन्दिरमा रहेको छठ पोखरीको छेउमा बनाइएका बेदीमा शनिबार रङ्गरोगन गर्दै युवा।
तस्बिरः रविन्द्रप्रताप गुप्ता/रासस

# जङ्गली जनावरको आक्रमणबाट एकको मृत्यु

बाँके। राप्तीसोनारी गाउँपालिका-९ गुरुवागाउँ नमुना टोल निवासी इन्द्रबहादुर खत्रीको जङ्गली जनावरको आक्रमणबाट मृत्यु भएको छ।

गुरुवागाउँ नमुना टोल निवासी ४० वर्षीय खत्री शुक्रबार अपराह्न २:०० बजेतिर स्थानीय रिम्ना सामुदायिक वनमा घाँस काट्न गएपछि बेपत्ता हुनुभएको थियो। आज बिहानसम्म परिवारको सम्पर्कमा नआएपछि जङ्गलमा खोज्दै जाँदा उनको शव फेला परेको प्रहरी चौकी ढकेरीका इञ्चार्ज प्रहरी सहायक निरीक्षक नगेन्द्र शाहीले जानकारी दिए।

उनका अनुसार आज बिहानै प्रहरीसहित स्थानीयवासीको टोलीले जङ्गलमा खत्रीलाई खोज्ने क्रममा रिम्ना सामुदायिक वनको चिल्लेपाटामा जङ्गली जनावरले आक्रमण गरेको अवस्थामा शव फेला परेको हो। बाँके राष्ट्रिय निकुञ्जको क्षेत्र पर्ने भएकाले निकुञ्जसँग समन्वय गरेर शवको शव परीक्षण लगायतको प्रक्रिया सुरु गरिएको उहाँको भनाइ छ।

घटनाको प्रकृति हेर्दा बाघले नै आक्रमण गरेको हुनसक्ने बाँके राष्ट्रिय निकुञ्जका प्रमुख वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो। "बाघ वा चितुवाले आक्रमण गरेको हुनुपर्छ, घटनास्थलको प्रकृति हेर्दा बाघको आक्रमण जस्तो छ", उहाँले भन्नुभयो, "हामीले घटनास्थल क्षेत्रमा क्यामेरा जडान गर्छौं, क्यामेरामा कैद भएका आधारमा पुष्टि हुनेछ।"

# दर्शक भेट्न पुग्यो 'वरिष्ठ बलराम' को टिम



काठमाडौं। फिल्म 'वरिष्ठ बलराम'को टिम मोफसल पुगेको छ। दर्शक भेट्न भन्दै कलाकारसहितको टिम मोफसल पुगेको हो।

काठमाडौंका दर्शकसँगको साक्षात्कारपछि 'वरिष्ठ बलराम'का कलाकार विजय बराल, समृद्धि अर्याल र निर्देशक सुरेन्द्र पौडेल मोफसलका दर्शक भेट्न निस्किएको हो। शुक्रबारदेखि 'वरिष्ठ बलराम'को टिम पश्चिम नेपालका विभिन्न हलमा पुगेको छ। हलमा पुगेर दर्शकको प्रतिक्रिया लिइरहेको छ।

निर्देशक पौडेलले धेरै शो हाउसफूल भएका र हाउसफूल नभएका शोमा पनि ७० प्रतिशतभन्दा माथि अकुपेन्सी रहेको जानकारी दिए। तिहारको भाइटीकाको अवसर पारेर प्रदर्शनमा आएको चलचित्र 'वरिष्ठ बलराम' ले देशभरका सिनेमा हलमा उत्साहजनक अकुपेन्सीमा प्रदर्शन भइरहेको छ।

रिलिजको पहिलो दिन देखिनै यो चलचित्रले हाउसफूल दर्शकहरूको साथ पाउँदै आइरहेको छ भने कतिपय हलहरूमा ७० देखि ८० प्रतिशतसम्म अकुपेन्सी हासिल गरेको छ। राजधानीदेखि बाहिरी सहरका सिनेमा हलहरूमा समेत दर्शकको भीड देखिएको छ। 'वरिष्ठ बलराम'को अकुपेन्सी राम्रो भएपछि केही हलहरूले आज शनिवारलाई शोमा समेत थप गरेका थिए।

पहिलो दिन बिहानैदेखि धेरै शोहरू हाउसफूल हुनु र दोस्रो दिन पनि सिनेमा हलमा दर्शकको उपस्थिति उच्चसँगै हाउसफूल हुनुले चलचित्रको राम्रो वर्ड अफ माउथ बनेको बुझाउँछ। दयाहाङ राई र विजय बराल स्टारर यो चलचित्रले पहिलो दिनदेखि नै दर्शकको सकारात्मक रिभ्यु पाएसँगै चलचित्रको निर्माण पक्ष व्यापारप्रति आशावादी देखिएको छ।

चलचित्र 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन्। वृषभ सिद्धी इन्टरटेनमेन्ट को प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यो चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारहरूको अभिनय छ।

चलचित्रको कथा र सम्पादन निर्देशक पौडेलकै रहेको छ भने पटकथा महेश दवाडी ले लेखेका हुन्। निर्माताामा आशिष एच तामाङ र श्रीराज कार्की, कार्यकारी निर्माताामा प्रदीप जी धामी र पुष्कर बी. घिमिरे छन्। लाइन प्रोड्युसर राम विष्ट हुन्।

मनकृष्ण महर्जन को छायांकन, प्रशान्त सिवाकोटी को संगीत, सम्राट बस्नेत को एक्सन निर्देशन र प्रदीप लामो को नृत्य निर्देशन रहेको चलचित्रलाई उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युसनले वितरण गरेको हो।

# आन्तरिक पर्यटकको आकर्षक गन्तव्य ब्रम्हस्थान



नवलपरासी। नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को मध्यविन्दु नगरपालिका-३ स्थित ब्रम्हस्थान नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदै गएको छ।

ब्रम्हस्थानबाट सुन्दर नारायणी नदी, चितवन राष्ट्रिय निकुञ्ज तथा सूर्यास्तको मनमोहक दृश्यावलोकन गर्न सकिने हुँदा यो क्षेत्र नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको हो।

सार्वजनिक बिदा तथा चाडपर्वको समयमा यहाँ आन्तरिक पर्यटकको उपस्थिति उल्लेख्य रहने मध्यविन्दु-३ का पूर्वजनप्रतिनिधि नारायणप्रसाद नेपालले बताए। "सामान्य दिनमा २०० जनाको हाराहारीमा आउने मानिसहरु सार्वजनिक बिदाको दिनमा ५०० नाग्ने गर्दछ", उनले भने, "यो तिहारको बेलामा त यहाँ दैनिक एक हजारभन्दा बढीको सङ्ख्यामा मानिस आएका थिए।"

ब्रम्हस्थानको फारम क्षेत्रबाट नारायणी नदीको आकर्षक दृश्य, दुर्लभ एकसिङ्गे गैँडा, घडियाल गोही, नदीको पारिपट्टि रहेको चितवन राष्ट्रिय निकुञ्ज र सूर्यास्तको दृश्यले यहाँ आउने पर्यटक आकर्षित हुने गरेका नेपालको भनाइ छ।

यस क्षेत्रमा पर्यटकको चहलपहल हुन थालेपछि यहाँ दृश्यावलोकन स्तम्भसहित व्यवस्थित पार्क निर्माण अगाडि बढेको भए पनि बजेट अभावमा दृश्यावलोकन स्तम्भ निर्माण अलपत्र परेको नेपालले बताउनुभयो। यद्यपि यहाँ स्थानीय भूतपूर्व सैनिकहरुको पहलमा शुद्ध खानेपानी र शौचालयको व्यवस्था गरिएको उहाँले बताउनुभयो।

"ब्रम्हस्थानको यस पार्कमा मानिसहरु दृश्वालोकनसँगै वनभोजका लागि आउने गरेका छन्", उहाँले भन्नुभयो, "पार्कभित्र वनभोज स्थलसमेत रहेकाले पछिल्लो समय ब्रम्हस्थान आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको छ।" पार्क नजिकै रहेका होटलमा नारायणी नदीको माछा तथा थारु र बोटे समुदायको मौलिक खानाको स्वाद लिन पाइने भएकाले मानिसहरु ब्रम्हस्थान आउने गरेका स्थानीय हुमनाथ उपाध्यायले बताउनुभयो।

"यहाँ छिमेकी जिल्ला चितवन, तनहुँ, रुपन्देहीबाट मानिसहरु घुम्न आउने गरेका छन्", उहाँले भन्नुभयो, "यहाँ एकपटक आएका मानिस यहाँको सुन्दरताका कारण पटकपटक आउने गरेका छन्।" यहाँ पार्कबाहेक अन्य संरचना निर्माण नहुँदै मानिसहरु आउन थालेका भन्दै उपाध्यायले यस क्षेत्रको प्रवर्द्धन र प्रचारप्रसार गर्न सके नवलपुरकै मुख्य पर्यटकीय केन्द्रको रुपमा विकास हुने सम्भावना रहेको बताउनुभयो।

मध्यविन्दु-७ चोरमाराबाट परिवारसहित वनभोज आउनुभएकी सरस्वती महतोले यहाँको दृश्यावलोकनका कारण आफूहरुलाई आकर्षित गरेको बताउनुभयो। "हामी परिवारका सदस्य भेला भएको बेला चार/पाँच घण्टा समय मिलेमा घुम्न आउने ठाउँ बनेको छ", उहाँले भन्नुभयो, "घरबाट सवारीसाधनमा आधा घण्टामा पुगिने र प्रकृतिमा समय बिताउन पाउने भएपछि सबै जना खुसी हुन्छन्।"

घरबाट नजिकै पारिवारिक रुपमा रमाउन उपयुक्त ठाउँ ब्रम्हस्थान भएपछि उहाँहरु परिवार र छिमेकी गरी २० जनाको समूहमा घुम्न आएको महतोले बताउनुभयो। गैँडाकोटबाट पहिलोपटक साथीहरुसँग यहाँ आउनुभएका सुजन पाण्डेले ठाउँ राम्रो भए पनि यसलाई अझै व्यवस्थित गर्नुपर्ने बताउनुभयो।

पार्कमा भन्दा नदी किनारमा मान्छे धेरै बस्ने गरेका भन्दै उहाँले नदी किनारमा व्यवस्थित तरिकाले तारबार गर्नुपर्ने बताउनुभयो।

"नदी किनारबाट नदी अवलोकन गर्न सुरक्षित पार्न सकेमा अप्रिय दुर्घटना हुनबाट जोगाउन सकिन्छ", उहाँले भन्नुभयो, "नदीमा गरिएको तटबन्धका कारण नदी छेउमै गहिरो भएकाले सावधानी अपनाउनुपर्छ।"

व्यवस्थित र पर्याप्त बस्ने ठाउँको अभावमा मानिसहरु नदीको ढिकमा उभिने, नदी तटबन्ध गरिएको ग्याभिनमा गएर फोटो, भिडियो बनाउने गरेको दृश्य देखिएको भन्दै पाण्डेले यसलाई सुरक्षित पार्न स्थानीय सरकार लाग्नुपर्ने बताउनुभयो।

जेनजी समूहका पाण्डेले आफ्नो समूहका मानिसलाई प्रकृतिसँग रमाउने यो ठाउँ उपयुक्त स्थान भएको भन्दै यसलाई सुधार गरेर व्यवस्थित पार्न सकेमा बाह्य पर्यटकसमेत यस स्थानमा आउने बताउनुभयो। "ब्रम्हस्थान किन जाने भनेर भन्दा नारायणी, गोही, गैँडा, निकुञ्ज, सूर्यास्तको दृश्यावलोकन भनेर भन्न सकिन्छ", उहाँले भन्नुभयो, "अब यस स्थानलाई सुरक्षित र केही भौतिक संरचना थप्दा जिल्लाकै प्रमुख गन्तव्य बन्न सक्छ।"

पूर्वपश्चिम राजमार्गको डण्डाबाट करिब नौ किलोमिटर दक्षिणमा पर्ने ब्रम्हस्थान प्राकृतिक रुपमा सुन्दर रहेको छ। पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदै गएको यस स्थानमा आवश्यक संरचना निर्माण गर्दै पर्यटकले फाल्ने प्लाष्टिकजन्य फोहरलाई सही रुपमा व्यवस्थापन गर्न सके देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्ने सम्भावना छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो।
**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा**
- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

**त्यसैले जुवातास नखेलौं–नखेलाऔं, कानूनी कारबाहीबाट बचौं!**
नेपाल सरकार विज्ञापन बोर्ड




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com